# पथरी शनिश्चरे नगरपालिका

## पथरी, मोरङ

## नगर सभाको १९ औं अधिवेशनमा प्रस्तुत
## बजेट वक्तव्य

आ.व. २०८३/८४

**सभाध्यक्ष महोदय,**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई दिइएको अधिकारका विषयमा केन्द्रित रही प्राप्त अवसरको सदुपयोग गर्दै स्थानीय जनताको आवश्यकता अनुरुप विकास, समृद्धि र सुशासन केन्द्रित बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । शिक्षा, स्वास्थ्य, सुरक्षित आवाससहितको व्यवस्थित शहर, खानेपानी सरसफाई लगायत जनताको आधारभूत आवश्यकता लक्षित कार्यक्रमहरु यस बजेटमा समावेश गरेको छु ।

नेपालको संविधानका नीति निर्देशक, सिद्धान्त, नेपाल सरकार र प्रदेश सरकारका आवधिक योजना, नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य, नगरपालिकाले तय गरेको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना, नगरपालिकाले जनतालाई उपलब्ध गराउनु पर्ने सेवा, प्रचलित ऐन, कानून तथा कार्यविधि, मापदण्डलाई यस बजेटको मार्गदर्शनको रुपमा लिएको छु।

स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजश्व बाँडफाँटलाई मूल आम्दानीको स्रोत मानी यो बजेट तर्जुमा गरेको छु। साथै, यस बजेटमा नगरपालिकाको आफ्नो क्षेत्राधिकारभित्रको कर तथा गैर कर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु।

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को आय व्ययको यथार्थ र संसोधित अनुमान तथा आगामी आर्थिक वर्ष २०८३/८४ को आय व्ययको अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा आयतर्फ जेष्ठ मसान्त सम्मको संघीय वित्तीय समानीकरण अनुदान रु. १४ करोड ८६ लाख ९७ हजार, संघीय ससर्त अनुदान रु. २९ करोड २८ लाख ९० हजार, संघीय समपुरक अनुदान रु. १७ लाख ७० हजार प्रदेश ,वित्तीय समानीकरण अनुदान रु. १ करोड ५७ लाख ७२ हजार, प्रदेश ससर्त अनुदान रु. २ करोड ९ लाख ५१ हजार, संघीय राजश्व बाँडफाँड रु. १० करोड ९२ लाख ५५ हजार, प्रदेश राजश्व बाँडफाँट सवारी कर रु. १ करोड १८ लाख ८१ हजार , प्रदेश समपुरक अनुदान ६० लाख , स्थानीय राजश्व बाँडफाँड अन्तर्गत घरजग्गा रजिष्ट्रेसन दस्तुर) मालपोत कर (रु. १ करोड ९० लाख ६६ हजार, नगर र प्रदेश स्थानीय राजश्व बाँडफाँटबाट रु. ३ लाख ४० हजार, आन्तरिक

आय रु. ३ करोड ९७ लाख १४ हजार र  नगद मौज्दात परिवर्तनबाट रु. ११ करोड ६५ लाख ३२ हजार गरी जम्मा रु. ७८ करोड २८ लाख ६८ हजार मात्र खुद आय प्राप्त भएको छ भने चालु वर्षका लागि गत नगर सभाबाट पारित बजेटमा रु. ८१ करोड ९९ लाख ११ हजार आय हुने अनुमान गरिएकोमा संघीय र प्रदेश सरकारबाट विभिन्न कार्यक्रममा बजेट थप हुन गई बजेटको आकार रु. ८२ करोड ९२ लाख ४१ हजार कायम भएकोमा चालु वर्षको आषाढ मसान्त सम्ममा संघीय समानीकरण अनुदानतर्फ रु. १४ करोड ८६ लाख ९७ हजार, संघीय ससर्त अनुदान रु. २९ करोड ३१ लाख , संघीय समपुरक अनुदान रु. ५९ लाख, प्रदेश वित्तीय समानीकरण रु. १ करोड ५७ लाख ७२ हजार, प्रदेश ससर्त अनुदान रु. २ करोड ९ लाख ५१ हजार, प्रदेश समपुरक अनुदान रु. ८० लाख , संघीय राजश्व बाँडफाँट रु. १२ करोड ५९ लाख ६६ हजार, प्रदेश राजश्व बाँडफाँट) सवारी कर (रु.१ करोड ६० लाख २ हजार , आन्तरिक श्रोत रु. ४ करोड ५६ लाख, स्थानीय राजश्व बाँडफाँट अन्तर्गत घरजग्गा रजिष्ट्रेसन दस्तुर) मालपोत कर (रु. २ करोड २ लाख ५० हजार, नगर र प्रदेश स्थानीय राजश्व बाँडफाँटबाट रु. ५ लाख ६५ हजार र  गत आर्थिक वर्षको नगद मौज्दात परिवर्तनबाट रु. ११ करोड ६५ लाख ३२ हजार गरि जम्मा रु. ८१ करोड ७३ लाख ३५ हजार आय हुने देखिन्छ । यसैगरी खर्च तर्फ चालु आ.व.को चालु खर्च तर्फ संशोधित विनियोजित रकम रु. ५३ करोड ८८ लाख ७९ हजार मध्ये जेठ मसान्त सम्ममा रु. ३५ करोड ५८ लाख ७१ हजार ) ६६.०४ % र पूँजिगत तर्फ विनियोजित रू. २९ करोड ३ लाख ६२ हजार मध्ये रु. ८ करोड ७९ लाख ६३ हजार) ३०.३०% समेत गरि कूल रु. ४४ करोड ३८ लाख ३४ हजार गरि जम्मा ५३.५२% खर्च भएको छ । आम्दानीको तुलनामा खर्च रकम कम भएतापनि संघीय ससर्त अनुदानमा विनियोजित भै खर्च हुन नसकेको रकम संघीय तथा प्रदेश सरकारलाई फिर्ता गर्नु पर्ने हुँदा सोचे अनुसारको रकम संचित भै अल्या भएर जाने अवस्था देखिदैन ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को लागि अनुमानित बजेट पेश गर्ने अनुमति चाहान्छु । आगामी आर्थिक वर्षका लागि संघीय समानीकरण अनुदान रु. १६ करोड ६७ लाख, संघीय राजश्व बाडफाँट रु. १३ करोड ७ लाख ७४ हजार, संघीय ससर्त अनुदान रु. ३० करोड ६५ लाख, संघीय समपुरक अनुदान रु. १ करोड २० लाख , संघीय विशेष अनुदान रु. १ करोड ८० लाख, प्रदेश समानीकरण अनुदान रु. १ करोड ५८ लाख ९८ हजार, प्रदेश सरकार ससर्त अनुदान रु. २ करोड ११ लाख १६ हजार, प्रदेश समपूरक अनुदान रु. ७९ लाख , प्रदेश राजश्व बाँडफाँट) सवारी कर (रु. १ करोड ८० लाख ४ हजार १ सय २७, स्थानीय राजश्व बाँडफाँट मालपोत रजिष्ट्रेशन रु. २ करोड २४ लाख ६६ हजार ५ सय, नगर र प्रदेश स्थानीय राजश्व बाँडफाँटबाट रु. ४ लाख ३० हजार, आन्तरिक श्रोतबाट रु. ५ करोड १ लाख ६० हजार नगद ,मौज्दात परिवर्तनबाट रु. १४ करोड ३९ लाख ८७ हजार ३ सय ७३ समेत गरी जम्मा रु. ९१ करोड ३९ लाख ३६ हजारको अनुमानित बजेट पेश गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**सडक तथा पूर्वाधार**

१. शिविर डाडाँमा निर्माणाधिन अवस्थामा रहेको प्रशासकीय भवन यसै आ.व. को पुर्वाधारमा सम्पन्न गर्ने लक्ष्य लिई यथाशिघ्र सम्पन्न गरी नगर बाट संचालन हुने सेवा यसै प्रशासकीय भवन बाट गर्ने व्यवस्था गरिने छ । यसका लागी रु. **४ करोड २६ लाख** बजेट विनियोजन गरेको छु ।

२. वडा नं ८ मा अवस्थित विगत केहि वर्ष देखी अधुरो अवस्थामा रहेको श्री बुद्ध मा.वि.को भवन लाई यसै वर्ष सम्पन्न हुने गरी गर्ने लक्ष्य लिएको छु यसका लागी रु. **१ करोड ७५ लाख** बजेट विनियोजन गरेको छु ।

३. वडाहरुको समग्र विकास नै नगरको विकास हो भन्ने अभिप्रायले समग्र वडाहरुको समानुपातिक विकास गर्न चालु आ.व.मा प्रत्येक वडालाई छुट्याई आएको रु. **७० लाख** बजेट सिलिङ लाई बृद्धि गरी रु. **१ करोड** कायम गरेको छु ।

४. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समपुरक योजना तथा यसै बर्ष निर्माण गर्ने प्रकृयामा रहेको नगरको व्यवसायिक भवनको समपुरक कोष समेतको लागी रु. **४ करोड ३० लाख** बजेट विनियोजन गरेको छ ।

५. यस आ.व.मा ठेक्का पट्टा मार्फत संचालन भई आएको क्रमागत योजना आ.व. २०८३/८४ मा सम्पन्न गरिनेछ, यस आ.व. मा सम्पन्न हुन नसकेका उक्त क्रमागत योजनाहरु आ.व. २०८३/८४ मा सम्पन्न गर्नका लागि **रु. ३ करोड ८ लाख ७० हजार** विनियोजन गरेको छ ।

## सामाजिक विकास

६. यस क्षेत्रमा महिला तथा लक्षित समुहको नेतृत्व विकास गर्न सिपमुलक तालिम मार्फत आत्मनिर्भर बनाउन, अपाङ्ग लक्षित कार्यक्रम संचालन गर्न तथा बालवालिकाको हित अभिवृदि गर्ने गरी क्षमता विकासका कार्यक्रम संचालन गर्न सामाजिक विकास समिती तर्फ एकमुष्ठ रु. **७२ लाख २० हजार** बजेट विनियोजन गरेको छ।

७. यसै गरी विपन्न नागरिकसँग उपमेयर कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट विनियोजन गरेको छ ।

## शिक्षा

८. शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाई नविनतम प्रविधि मार्फत शिक्षण सिकाईको व्यवस्था गर्नका लागि संघिय सरकारबाट विशेष अनुदान मार्फत प्राप्त हुने रु. **१ करोड ८० लाख** तथा प्रदेश सरकारबाट शशर्त अनुदान मार्फत प्राप्त हुने रु. **२० लाख** बजेट मार्फत सामुदायिक विद्यालयहरुमा प्रविधि हस्तान्तरण कार्यक्रमलाई सघन रुपमा कार्यान्वयन गरी विद्यालयलाई आधुनिक र प्रविधिमैत्री बनाइने छ।

९. सामुदायिक विद्यालयहरुमा कार्यरत प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको पारिश्रमिक बृद्धी गर्न, विद्यार्थीहरुको सिकाई उपलब्धीमा सुधार गर्न साथै विद्यालयका प्रधानाध्यापकहरु लाई समुदायसँगको सम्बन्ध सुदृढ गरी सामुदायिक विद्यालय प्रति अभिभावनको चासो र सरोकार बढाउनका सम्पर्क स्थापित गर्नका मासिक संचार खर्चको लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

१०. समग्र शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नका लागि शिक्षा तर्फ रु. १ करोड ८५ लाख विनियोजन गरेको छु।

<u>स्वास्थ्य</u>

११. आधाभुत स्वास्थ्य केन्द्र र नगर अस्पतालबाट नागरिकहरुलाई निशुल्क रुपमा उपलब्ध गराउदै आएको औषधीहरुको उपालब्धताको सुनिश्चित गरिनेछ ।

१२. अस्पतालबाट दिदै आएको सेवालाई छिटो छरितो र गुणस्तरीय वनाउनको लागी करारमा कार्यरत कर्मचारीहरुको तलब भत्ताको लागी रु. **२ करोड ५ लाख** बजेट विनियोजन गरेको छु ।

१३. नगरको स्वास्थ्य शाखाबाट संचालन हुने विभिन्न स्वास्थ्य कार्यक्रमको लागी रु. **१ करोड ५४ लाख** बजेट विनियोजन गरेको छु ।

१४. विरामीहरुको सघन उपचारको लागी आवश्यक व्यवस्था मिलाइने छ ।

१५. नगर अस्पताललाई पूँजीगत अनुदान तर्फ रु.३० लाख विनियोजन गरेको छु।

<u>सभाध्यक्ष महोदय, तथा सभाका सदस्य ज्यूहरू</u>

<u>सुशासन तथा संस्थागत विकास</u>

१६. संघिय सरकारको बजेट मार्फत कर्मचरीहरुको १० प्रतिशत पारिश्रमिक वृद्धी गर्ने घोषणा गरिएको संघीय निती अनुरुपनै स्थायी र करार सेवामा कार्यरत कर्मचारीहरुको पारिश्रमिक वृद्धि गरिनेछ ।

१७. स्थायी र करारमा कार्यरत कर्मचारीहरुलाई आफ्नो काम प्रति उत्प्रेरित गराउन संघीय नीति अनुरुप हुने गरी कर्मचारीको कामको मुल्याङ्कनका आधारमा १० प्रतिशत प्रोत्साहन भत्ता उपालब्ध गराइने छ।

१८. करारमा कार्यरत कर्मचारीहरालाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइनेछ । यसका लागी आवश्यक रकम विनियोजन गरेको छु ।

<u>आर्थिक विकास</u>

१९. नगरमा रहेको वेरोजगारी समस्या समाधान गर्न प्रदेश र नगरको साझेदारीमा श्रम तथा रोजगार कार्यक्रम संचालन गरिने छ । यस आ.व.मा संचालित कृषी तथा पशु विकास

कार्यक्रमलाई आगामी आर्थिक वर्षमा थप परिमार्जन सहित निरन्तरता दिएको छु । समग्र आर्थिक विकास तर्फ रु. **१ करोड ४१ लाख ४० हजार** विनियोजन गरेको छु ।

**<u>खेलकुद</u>**

२०. खेलाडीहरुको मनोवल वढाई व्यवसायिकताको विकाश गर्न खेलकुद तर्फ आवश्यक रकम विनियोजन गरेको छु ।

२१. निरन्तर रुपमा संचालन भै आएको पथरी शनिश्चरे गोल्डकप फुटवल प्रतियोगिताको लागी रु. **१० लाख, पथरी शनिश्चरे फुटबल र पथरी शनिश्चरे क्रिकेट प्रिमियर लिगका लागि** रु. ५/५ लाख बजेट व्यवस्था गरेको छु ।

२२. समग्र खेलकुद विकासका लागि रु. **३५ लाख** विनियोजन गरेको छु।

**<u>वन वतावरण तथा विपद् व्यावस्थापनः</u>**

२३. नगर क्षेत्र भित्र रहेका सामुदायिक वन तथा अन्य निकायहरुसँग साझेदारी कार्यक्रम सञ्चालन गरी नगरपालिकाको पर्यटन व्यवसायलाई प्रोत्साहन गरिनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**<u>न्यायिक समितिः</u>**

२४. पथरी शनिश्चरेको प्रमुख ध्येय पीडितलाई न्याय भन्ने नारालाई आत्मासाथ गर्दै न्याय प्रणालीलाई छीटो, छरितो र सहज बनाईनेछ। न्यायिक समितिको ईजालस तथा मेलमिलाप कार्यलाई प्राभावकारी बनाउन मेलमिलापकर्ताहरुको क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२५. प्रस्तुत बजेट कार्यान्वयनबाट नगरपालिकाको सम्पूर्ण आर्थिक आधारहरुको सबलिकरण भई आर्थिक बद्धिको लक्ष्य हासिल हुने वातावरण सिर्जना हुने अपेक्षा गरेको छु। यस बजेटबाट आर्थिक अनुशासन कायम गर्न र स्थानीय सरकारको लगानी प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित हुने विश्वास लिएको छु।

२६. बजेट तर्जुमा गर्दा मार्ग दर्शन गर्नुहुने नगर प्रमुख ज्यू, उप-प्रमुख ज्यू, कार्यपालिका सदस्य ज्यूहरु नीति तथा कार्यक्रममा सुझाव प्रदान गर्नुहुने सरोकारवाल महानुभावहरु, राष्ट्र सेवक कर्मचारीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु। प्रस्तुत बजेटको कार्यान्वयनमा सबैबाट सकारात्मक र रचनात्मक सहयोग र सहकार्य हुने अपेक्षा गरेको छु।

धन्यवाद।